# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, असोज १५ गते, २०७६ साल (अतिरिक्ताङ्क ३०

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश नं. १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (संचालन) नियमावली, २०७६

**प्रस्तावनाः** नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रको सामाजिक तथा मानवीय विकासमा टेवा

पुऱ्याउने उद्देश्य अनुरुप प्रदेश सरकारले विनियोजन ऐनमा व्यवस्था गरे बमोजिम प्रदेश निर्वाचन क्षेत्रको विकास कार्यक्रमलाई विश्वसनीय, प्रभावकारी, पारदर्शी, जवाफदेही एवं कार्यन्वयनयोग्य बनाउन वान्छनीय भएकोले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम **"प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (संचालन) नियमावली, २०७६"** रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) **"उपभोक्ता समिति"** भन्नाले स्थानीय तहमा संचालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानूनबमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले यस नियमावली बमोजिम संचालन हुने निर्वाचन क्षेत्र विशेष कार्यक्रम सम्झनु पर्छ र सो शब्दले आयोजना वा परियोजना समेतलाई बुझाउने छ।

(ग) **"कार्यालय"** भन्नाले गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

(घ) **"प्रचलित कानून"** भन्नाले संघीय वा प्रादेशिक वा स्थानीय तहको उपभोक्ता समिति गठन र संचालन सम्वन्धी कानून सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय, प्रदेश नं. १ सम्झनु पर्छ ।

(च) **"सचिव"** भन्नाले जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ।

(छ) **"स्थानीय तह"** भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ सो शब्दले माहानगरपालिका र उपमाहानगरपालिकालाई समेत जनाउँछ ।

(ज) **"सदस्य"** भन्नाले प्रदेश नं. १ को प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

३. <u>जिल्ला तोक्नु पर्नेः</u> यस नियमावली बमोजिम कार्यक्रम संचालन गर्न समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यले प्रत्येक आर्थिक वर्षको कार्तिक पन्ध्र गते भित्र प्रदेश भित्रको कुनै एक जिल्ला रोजेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

४. <u>कार्यक्रम पेश गर्नुपर्नेः</u> (१) प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्य र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रत्येक सदस्यले प्रत्येक वर्षको मंसिर पन्ध्र गते भित्र कार्यक्रम छनौट गरी सम्बन्धित निर्वाचन क्षेत्र भएको जिल्ला समन्वय समितिमा कार्यक्रमको नाम, कार्यक्रम संचालन हुने स्थान, प्रत्येक कार्यक्रमका लागि विनियोजन गरेको रकम समेत खुलाई अनुसूची-१ बमोजिमको



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

ढाँचामा देहाय बमोजिमको शर्त अनुसार कार्यक्रम पेश गर्नु पर्नेछ।

(क) कम्तिमा दश लाख रकम विनियोजन गर्ने गरी पूर्वाधार विकासका लागि एक आयोजना,

(ख) प्रत्येक आयोजनाका लागि पाँच लाख भन्दा घटी नहुने गरी बढीमा पाँच वटा पूर्वाधार सम्बन्धी आयोजना,

(ग) महिला दलित पिछडिएको क्षेत्रको सशक्तिकरण, खेलकूद, उद्यमशिलता विकास तालिम वा अभिमुखिकरण कार्यक्रमका लागि प्रत्येक आयोजना वा कार्यक्रममा कम्तिमा पचास हजार भन्दा घटी नहुने गरी पन्ध्र योजना ।

तर खण्ड (ख) बमोजिमका आयोजनामा रु. तीस लाख रकम विनियोजन गर्नु पर्नेछ भने खण्ड (ग) बमोजिमका आयोजनामा रु. दश लाख रकम विनियोजन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै कारणले मंसिर पन्ध्र गते भित्र कार्यक्रम छनौट हुन नसकेमा मन्त्रालयको स्वीकृतिमा एक महिना समयावधी थप हुन सक्नेछ र सो समयावधी भित्र पनि कार्यक्रम पेश हुन नसकेमा कार्यक्रम संचालन हुन सक्ने छैन ।

५. <u>आयोजना छनौटका प्राथमिकता</u>: यस नियमावली बमोजिम संचालन हुने आयोजना छनौट गर्दा छनौट गर्ने सदस्यले देहायका विषयमा प्राथमिकता दिनु पर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(क) रोजगारी सृजना हुन सक्ने ।

(ख) नागरिकको सहज सुविधा उपलब्ध हुन सक्ने ।

(ग) स्थानीय तह सँग साझेदारी गर्न सक्ने ।

(घ) गरीब तथा विपन्न सामुदायका लागि सहयोगी हुन सक्ने।

६. <u>आयोजना छनौटका सर्तहरु</u>: आयोजना छनौटका सर्तहरु देहाय बमोजिम हुनेछः-

(क) संघीय सरकार र प्रदेश सरकारका कार्यक्रमसँग जोडेर छनौट गर्न नहुने,

(ख) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली, २०७५ बमोजिम संचालन हुने कार्यक्रमसँग जोडेर छनौट गर्न नहुने,

(ग) आफु निर्वाचित भएको निर्वाचन क्षेत्र वा आफुले रोजेको जिल्ला भन्दा बाहिरका निर्वाचन क्षेत्र वा जिल्लाका लागि कार्यक्रम छनौट गर्न नहुने,

(घ) कार्यक्रम छनौट गरी जिल्ला समन्वय समितिमा विवरण पेश गरे पछि सोको जानकारी आफ्नो निर्वाचन क्षेत्र वा जिल्लाका प्रत्येक स्थानीय तहलाई जानकारी गराउनु पर्ने।

७. <u>कार्यक्रम संचालन</u>: यस नियमावलीको नियम ४ बमोजिमको कार्यक्रम संचालन सम्बन्धित स्थानीय तह मार्फत संचालन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

८. **कार्यक्रमको आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) यस नियमावली बमोजिम संचालन हुने कार्यक्रम छनौट गरी सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गरे पछि सम्बन्धित जिल्ला समन्वय समितिले सोको विवरण सहितको जानकारी मन्त्रालयमा तत्काल पेश गर्नु पर्नेछ र मन्त्रालयले रकम निकासाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त हुनासाथ आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने गरी निश्चित रकम प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालय मार्फत सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा हुने गरी वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

९. **कार्यक्रम संचालन गर्ने प्रकृयाः** (१) यस नियमावली बमोजिम कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद ऐन बमोजिम ठेक्का बन्दोवस्त गरेर वा उपभोक्ता समिति मार्फत संचालन गर्न सकिनेछ ।

(२) उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गर्दा उपभोक्ता समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **अनुगमन सम्बन्धी व्यवस्थाः** यस नियमावली बमोजिम संचालन हुने कार्यक्रमको अनुगमन सम्वन्धित सदस्य स्वयं तथा जिल्ला समन्वय समितिको उपप्रमुखले र स्थानीय तह मार्फत संचालन हुने कार्यक्रमको हकमा सम्बन्धित स्थानीय तहको अनुगमन

समितिले अनुगमन गरे पछि मात्र कार्यक्रमको फरफारक र भुक्तानी दिनु पर्नेछ ।

११. **कन्टेन्जेन्सी सम्बन्धी व्यवस्थाः** (१) यस नियमावली बमोजिम संचालन हुने कार्यक्रमको कन्टेन्जेन्सी जिल्ला समन्वय समितिले सम्पूर्ण रकमको एक प्रतिशत, स्थानीय तह मार्फत संचालन हुने कार्यक्रमको लागि सम्वन्धित तहमा जाने रकमको एक प्रतिशत र सम्पूर्ण रकमको शून्य दशमलव पाँच प्रतिशत रकम सम्वन्धित सदस्यले आफ्नो प्रतिनिधि मार्फत प्रशासनिक कार्यका लागि खर्च गर्न पाउनेछन् ।

(२) उपनियम (१) बमोजिम जिल्ला समन्वय समितिले प्राप्त गर्ने प्रशासनिक खर्च वापतको रकम निकासा गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालय मार्फत सोझै निकासा दिनु पर्नेछ ।

१२. **बाधा अडकाउ फुकाउः** यो नियमावलीको कार्यान्वयनमा कुनै बाधा अडचन परेमा मन्त्रालयले निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूचि-१
**(नियम ४ सँग सम्बन्धित)**

मिति :-

श्री जिल्ला समन्वय समिति

**विषय : कार्यक्रम पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेश सभा सदस्यले पचास लाख रुपैयाँसम्मको कार्यक्रम छनौट गर्ने व्यवस्था प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (संचालन) नियमावली, २०७६ बमोजिम आर्थिक वर्ष...../...... को लागि देहायका कार्यक्रम पेश गरेकोछु।

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने गाँउ/नगरपालिका | वार्ड नं. | टोल | कार्यक्रम संचालन गर्ने प्रकृया | विनियोजन गरेको रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नाम, थरः...........

निर्वाचन क्षेत्रः........

जिल्लाः................

हस्ताक्षरः.............

**स्वीकृत मिति : २०७६/०६/१५**

**आज्ञाले,**
**भरतमणि रिजाल**
**प्रदेश सचिव**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**प्रदेश नं. १**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १